# आदर्शवाणी

**मानिसहरू तब मात्र तिम्रो हात समाउँछन् जब उनीहरूलाई थाहा हुन्छ कि तिमी एक्लै पनि अगाडि बढ्न सक्छौ।**

## सम्पादकीय

# बजेटमा धर्मको चर्चा

अहिले देशमा बजेटको मौसम छ । जता गए पनि मौसमकै चर्चा सुनिन्छ । संघीय संसद्, प्रदेश सभादेखि अधिकांश पालिकाहरुमा बजेटबारे गम्भीर छलफल भइरहेको छ । छलफल विगतको भन्दा केही फरक ढंगमा र केही फरक विषयमा भएका छन् । सत्तारुढ सांसदहरुले आफ्नै मन्त्रीहरुको आलोचनासमेत गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरुले त्यहाँ बसेरै विरोध जनाएका छन् । गण्डकी प्रदेशका सांसदहरुले विगतको भन्दा छुट्टै विषयमा कुरा उठाएका छन् । सामान्यतया संसद्मा धर्मको सम्बन्धमा छलफल गरेको सुनिँदैन, तर गण्डकी प्रदेशमा त्यसबारे छलफल भएका छन् । बजेटमा ३ सय २१ वटा मन्दिर बनाउन बजेट विनियोजित गरिएको कुरा उठाइएको छ । त्यति धेरै मन्दिर निर्माण र जीर्णोद्धारका लागि बजेट छुट्याइए तापनि बुद्ध धर्मका लागि एक पैसा पनि नराखिएको किन होला ? भनेर सांसद पार्वती तामाङले प्रश्न गरेका छिन् । त्यस्तै, ३ सय २१ मन्दिरमध्ये उद्योग मन्त्री मित्रलाल बस्यालको निर्वाचन क्षेत्रमा मात्र ६० मन्दिर निर्माणका लागि बजेट राखिएकोमा सांसद विकल शेरचनले विरोध जनाउँदै उद्योग मन्त्री कि मन्दिर मन्त्री भनेर प्रश्न सोधेका छन् । यो प्रश्न बाहिर क्षेत्रमा पनि चर्चाको विषय भएको छ ।

देशमा धार्मिक गतिविधि बढ्दो छ । सत्तारुढ पार्टी नेकपा (एमाले) र नेपाली काँग्रेसले संविधान संशोधन कुरा उठाएर सरकार गठन गरेपश्चात् धार्मिक संघ संस्थाहरुको गतिविधि बढेको छ । कतिपय हिन्दू संघसंस्थाहरुले हिन्दू राष्ट्रको पुनर्स्थापना गर्नुपर्ने माग राखेका छन् भने अग्रज बौद्धहरुले भगवान् बुद्धको जन्मस्थान नेपाललाई बौद्ध राष्ट्र बनाउनु उचित हुने कुरा जनसमक्ष ल्याउँदै छन् । अर्कोतिर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले खुलमखुला राजतन्त्र र हिन्दू अधिराज्य पुनर्स्थापना माग राखी आन्दोलन गरेको सर्वविदितै छ ।

हाम्रो देशमा धर्मको नितान्त आवश्यक छ । धर्मको अभावमा मानिसहरु पापी हुँदै गए । अनैतिक भए । भ्रष्टाचारी भए । ठूलाठूला पदमा आशीन व्यक्तिहरु पनि भ्रष्ट भएको देख्दा यो मुलुकलाई धार्मिक आन्दोलनको आवश्यक भएको टड्कारो देखिन्छ । त्यस दृष्टिले गण्डकी सरकारको बजेटमा त्यति धेरै मन्दिर निर्माणको लागि जे-जसरी बजेट विनियोजन गरिएको छ, त्यो एकतर्फी भयो, एकपक्षीय भयो । यो मुलुकमा हाम्रै राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म पनि छ भन्ने कुरा हाम्रा नीति-निर्माताहरुले कहिले सम्झन सकेनन् । बुद्ध धर्ममा पञ्चशील छ, जसको पालना मात्रले पनि हत्या, हिंसा हट्छ, चोरी, छलकपट, असत्य, व्यभिचार लागुपदार्थ लगायतको दुर्गुणहरु निमिट्यान्न हुन्छन् । त्यस दृष्टिले धर्म आवश्यक छ, तर त्यसको प्रयोग र अभ्यास ठीकसँग गर्नु पर्‍यो । प्रदेशको बजेट जे-जसरी राखिएको छ, त्यसलाई संशोधन र परिमार्जन गरी चित्तबुझ्दो किसिमले राख्नु आवश्यक छ ।

# हेमजा हिले महोत्सव गर्न सरसफाइ

**हेमजा, ९ असार (आदर्श समाज)-** पाँचौं हेमजा हिले महोत्सव-२०८२ पूर्व तयारीअनुरुप शनिबार देवीस्थान सेवा समाजले सरसफाइ गरेको छ । 'कृषिमा कृषकलाई प्रोत्साहन, विष्णुपादुका मन्दिर हेमजाको सान' भन्ने मूलनाराका साथ समाजको आयोजनमा यही १५ असारमा महोत्सव हुँदैछ ।

हेमजामा अवस्थित विभिन्न टोल विकास संस्था, आमा समूहलगायत संघसंस्था तथा स्थानीयहरूको सहभागितामा महोत्सवस्थल क्षेत्रमा पर्ने विष्णुपादुका टोल, विष्णुपादुका मन्दिर परिसरमा सरसफाइ गरिएको हो ।

विष्णुपादुका धार्मिक क्षेत्रको प्रवर्द्धन गर्न, आन्तरिक र बाह्य पर्यटनको आगमन बढाउन, हेमजाका कृषकको सम्मान र युवालाई कृषिमा प्रोत्साहनका गर्नका लागि हेमजा हिले महोत्सवलाई निरन्तरता दिएको समाजका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए ।

समाजका निवर्तमान अध्यक्ष गुरु हरिशरण पौडेलले महोत्सवले विन्दवासिनीकी बहिनीका रूपमा मानिँदै आएको विष्णुपादुका भगवतीको महिमा बढ्नुका साथै हेमजाका कृषकहरूलाई कृषिमा प्रोत्साहन बढाउने आफूहरूको विश्वास रहेको बताए ।

महोत्सवको आकर्षणमा पुरुष तथा महिला रस्साकस्सी, पुरुष तथा महिला हिले दौड, घैंटो फुटाउने , हिलोमा माछा समात्ने, धान रोप्ने, म्यूजिकल बेलुन, हिलेनाँच, हल गोरु दौडलगायतका प्रतियोगिता रहेको महोत्सव मुल आयोजक समितिका संयोजक चन्द्रकला पोखरेलले जानकारी दिइन् ।

प्रतियोगितामा खेलअनुसार प्रथम र द्वितीय स्थान हासिल गर्ने सहभागी व्यक्ति र टिमलाई पुरस्कारको व्यवस्था गरेको खेल सञ्चालन उपसमिति संयोजक इन्द्रबहादुर कुँवरले जानकारी दिए ।

महोत्सव सफल पार्न समाजका उपाध्यक्ष चन्द्रकला पोखरेलको संयोजकत्वमा विभिन्न उपसमितिहरू गठन गरिएको छ ।

# शुक्ला साहित्यको भजन प्रतियोगिता

आदर्श समाज
पोखरा, ९ असार

शुक्ला साहित्य प्रतिष्ठान बाटुलेचौरले आफ्नो वार्षिक कार्ययोजनाअन्तर्गत यस वर्ष पनि श्रीकृष्ण भजन प्रतियोगिता आयोजना गर्ने भएको छ।

आगामी ३१ साउनमा श्रीकृष्णजन्माष्टमीमा ऐतिहासिक मैदान बाटुलेचौर मैदानमा भजन प्रतियोगिता गर्ने निर्णय भएको प्रतिष्ठानका सचिव रामप्रसाद पौडेलले जानकारी गराए । प्रतिष्ठानले २५ वर्षदेखि हरेक वर्ष जन्माष्टमीमा राष्ट्रव्यापी रुपमै श्रीकृष्ण भजन प्रतियोगिता आयोजना गर्दै आएकोमा यसपालि २६ औं संस्करण हो ।

कार्यक्रमका लागि संस्थाका अध्यक्ष दुर्गादेवी बस्नेतको संयोजकत्वमा मूल आयोजक समिति र आवश्यक विभिन्न उपसमिति गठन गरिएको छ ।

अध्यक्ष बस्नेतले यसपटक प्रतियोगितामा देशका विभिन्न ठाउँका भजन समिति र नियमित प्रतियोगीहरु समूहहरुसँगै विद्यालयका विद्यार्थी टिमलाई पनि सहभागिताको लागि आह्वान गरिने बताइन् ।

संस्थाका वरिष्ठ उपाध्यक्ष गीता भण्डारीले प्रथम पुरस्कार १ लाख, द्वितीय पुरस्कार ७५ हजार, तृतीय पुरस्कार ५० हजार, सान्त्वना पुरस्कार २५ हजार र प्रत्येक सहभागी टिमलाई सहभागितास्वरुप ५ हजार दरले प्रदान गरिने बताइन् ।


## आवश्यकता

**पोखरा सेन्ट्रल ओयसिस, पोखरा, तेर्सापट्टिका लागि निम्न पदमा कर्मचारी चाहियो।**

**Manager / Supervisor**
- Swimming, Restaurant र Banquet एकसाथ सम्हाल्न सक्ने अनुभव भएको

**Cook – 1 जना**
- स्वादिलो र परम्परागत थकाली परिकार बनाउन जान्ने

**All-Rounder Cook – 1 जना**
- विभिन्न प्रकारका खाना (खाजा, परिकार, नास्ता आदि) बनाउन सक्ने

**Cashier – 1 जना**

- तलब आकर्षक

**सम्पर्क - 9802895222, 9856031220**



E-PAPER ONLINE
eAdarsha.com


## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८२।०३।०८

कास्की जिल्ला मौजे पौदी ५ नं. का जि.मु. प्रजापतिको लिलानाथ पाध्या जिम्मा साविक १९९० सालको खेत तर्फको मोठ उतार बमोजिम मोठ नं. ८४० मोही नं. ३३ कित्ता नं. १९७ अग्नीधर पाध्याको नाउँमा साविक दर्ता भएको २०३२ सालसम्मको तिरो बद्रीनाथ बरालबाट तिरेको भु.सु. ७ नं. फाराममा इन्द्रकली पाध्यानीको नामबाट लगत दिएको सर्भे नापीमा लुकुमस्वारा -५ को कि.नं. १२४६ क्षे.फ. ०-४-१-२ खेत तर्फको कित्ता १ ऐ. जिल्ला ऐ. मौजे २ नं. का जि.मु. देवदत्तको भोलानाथ पाध्या जिम्मा साविक १९९१ सालको पाखोतर्फको मोठ नं. १२७ द.नं. ५७ मा अग्नीधर पाध्याको नाउँमा साविक दर्ता भएको सर्भे नापीको लकुमस्वारा ६ को कि.नं. १९१ क्षे.फ. १-५-३-१/४ र लुकुमस्वारा ५ को कि.नं. २३८ क्षे.फ. ०-८-०-३/४ पाखो तर्फका कित्ता -२ गरी जम्मा ३ कित्ता जग्गा फिल्डबुकमा बद्रीनाथ बरालको नाउँमा कायम भएको कि.का. भई दर्ता छुट हुन गएको मैले नै भोगचलन गर्दै आइरहेको मेरो नाउँमा रहेको उक्त जग्गाको हकदार म नै रहेको हुँदा मेरो नाउँमा छुट जग्गा दर्ता गरी पाउँ भनी कास्की जिल्ला साविक पुम्दीभुम्दी ३ हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने बद्रीनाथ बरालले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

**तपसिलः-**

| जिल्ला | गा.वि.स./न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लुकुमस्वारा | ५ | १२४६ | ०-४-१-२ | | | बद्रीनाथ बराल |
| | | ६ | १९१ | १-५-३-१/४ | खर | चाहार | |
| | | ५ | २३८ | ०-८-०-३/४ | खर | चाहार | |

।ईति संवत् २०८२ साल असार ०८ गते रोज १ शुभम

## सूची दर्तासम्बन्धी सूचना

प्रकाशित मिति:२०८२/०३/१०

बालहितकारी परियोजना नेपाललाई आर्थिक वर्ष २०८२/८३ का लागि तपसिलमा उल्लेख भएका सामग्री/सेवा आपूर्ति गर्नका लागि कारोबार गर्न स्वीकृतप्राप्त इच्छुक व्यापारिक प्रतिष्ठान वा सेवा प्रदायकबाट व्यवसाय दर्ता/नवीकरण प्रमाणपत्र, आ.व.२०८०/८१ को करचुक्ता प्रमाणपत्र, दर रेट उल्लेख भएको दरभाउपत्रसहितको निवेदन आह्वान गरिन्छ ।

नोट-सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित ठेगाना वा इमेलमार्फत सूची दर्ता गराउनुहुन अनुरोध छ ।

**तपसिलः**

१. खाद्यान्न, सरसफाइका सामानहरु
२. दूध, दुग्ध जन्य पदार्थ, पाउरोटी
३. स्टेशनरी तथा प्रकाशन सामाग्री उत्पादन,
४. माछा, अण्डा, मासु, तरकारी तथा फलफूल
५. भान्सामा चाहिने सामानहरु
६. विद्युतीय सामानहरु
७. औषधीहरु
८. अपांगता भएका व्यक्तिका लागि आवश्यक सामाग्रीहरु
९. तयारी कपडा, डसना, सिरक, तन्ना, स्विटर, ज्याकेट, विद्यालय पोसाक, जुत्ता, मोजा लगायत आदि
१०. बालसंरक्षण, जीवनोपयोगी शिक्षा सम्बन्धमा सहजीकरणकर्ता
११. गोष्ठी, सेमिनार, बैठकका लागि खानपानको व्यवस्था सहित सभाहल ।

**बालहितकारी परियोजना नेपाल (CWSN)**
पोखरा-१५, नवजनशक्तिमार्ग, नयाँगाउँ । फोन. ०६१-४३५०८७,४३४१८०
info@cwsn.org

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

मिति : २०८२-०२-२६ (ने.स. ११४५)

श्री माउण्ट गुरखाज सेक्युरिटी, (दर्ता नम्बर ३००५२०), पोखरा महानगरपालिका-८, कास्की, (पान नम्बर ६१०३८१८०१), तहाँ कम्पनीको मिति २०८१-१२-१० को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई तल उल्लेखित शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८२-०२-०४ को निर्णयानुसार जानकारी गराइन्छ ।

**तपसिलः**
**साविकको नामः** गोर्खाप्लस सेक्युरिटी
**संशोधित नामः** माउण्ट गुरखाज सेक्युरिटी
शर्तहरुः साविक कम्पनीको नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने छ ।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १० गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय अमरसिंहबाट उल्लेखित ऋणीले व्यावसायीक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औँ दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **कबिलास बिजुली पसल** प्रोप्राइटर : शिशिर मिश्र प्रा.फ.र.नं. : ३७२५/०६७/०६८
दर्ता जारी गर्ने कार्यालय : उद्योग विकाश शाखा, पोखरा लेखनाथ म.न.पा., कास्की दर्ता मिति : २०७४/०७/०८
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८ स्थायी लेखा नं. : ३०३६५८०९२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राम प्रसाद मिश्रको नाति भुवानी शंकर मिश्रको छोरा नुवाकोट जिल्ला कविलास गा.वि.स. वडा नं. २ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २९ बस्ने **शिशिर मिश्र** (ना.प्र.नं. : ७६९७८-२४०४ जारी मिति र जिल्ला : २०५९/०२/०५, नुवाकोट)

२) राम प्रसाद मिश्रको नाति भुवानी शंकर मिश्रको छोरा नुवाकोट जिल्ला कविलास वडा नं. २ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २९ बस्ने **बसन्त मिश्र** (ना.प्र.नं. : २५१०३५/१४२ जारी मिति र जिल्ला : २०६६/०१/२७, नुवाकोट)

३) लोक प्रसाद मैनालीको छोरी भुवानी शंकर मिश्रको बुहारी बसन्त मिश्रको पत्नी नुवाकोट जिल्ला कविलास गा.वि.स. वडा नं. २ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २९ बस्ने **संजीता मैनाली** (ना.प्र.नं. : २५-०१-७०-०९६०७ जारी मिति र जिल्ला : २०७०/०३/१८, नुवाकोट)

४) ऋषिराम वास्तोलाको छोरी भुवानी शंकर मिश्रको बुहारी शिशिर मिश्रको पत्नी नुवाकोट जिल्ला कविलास गा.वि.स. वडा नं. २ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २९ बस्ने **सरिता मिश्र (वास्तोला)** (ना.प्र.नं. : २७१०३५/१४३ जारी मिति र जिल्ला : २०६६/०१/२७, नुवाकोट)

५) राम प्रसाद मिश्रको बुहारी भुवानी शंकर मिश्रको पत्नी नुवाकोट जिल्ला कविलास गा.वि.स. वडा नं. २ हाल, पन्चकन्या गा.पा. वडा नं. २ बस्ने **गायत्री देवी मिश्र** (ना.प्र.नं. : ४७५१९ जारी मिति र जिल्ला : २०५३/०९/२८, नुवाकोट)

६) जगेश्वर मिश्रको नाति राम प्रसाद मिश्रको छोरा नुवाकोट जिल्ला कविलास गा.वि.स. वडा नं. २ हाल, पन्चकन्या गा.पा. वडा नं. २ बस्ने **भुवानी शंकर मिश्र** (ना.प्र.नं. : ३७४१-७७०५ जारी मिति र जिल्ला : २०४२/११/२७, नुवाकोट)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०१/१४ को नेपाल समाचारपत्र दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/०४/११ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
३) मिति २०८१/०२/२१ को आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| सरिता मिश्र वास्तोला | कास्की जिल्ला शिशुवा वडा नं. १ | ०९४११२५०२ | ४८५७ | १५४.९९ |
| भुवानी शंकर मिश्र | नुवाकोट जिल्ला कविलास वडा नं. २ | २ | ५ | १,०२५.४३ |
| | नुवाकोट जिल्ला कविलास वडा नं. ४ | ४ | १२९१ | ३०९.९६ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०३/१६ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय अमरसिंह आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१७ गते मंगलबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय अमर सिंहमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## आजको पञ्चांग

**ज्यो. गंगासागर उपाध्याय**
**मोबाइल : ९८५६०४१९२०**
**Youtube : GG TV Nepal**

विसं २०८२ साल असार १० गते मंगलबार, तदनुसार इसं २०२५ जुन २४ तारिख, सिद्धार्थीनाम संवत्सर, श्रीसूर्यउत्तरायण, ग्रीष्मऋतु ।
चान्द्रमान अनुसार आषाढकृष्णपक्षको चतुर्दशी तिथि बेलुका ६:३० बजेसम्म, त्यसपछि औंसी रहनेछ ।
नक्षत्र : रोहिणी दिवा १२:४७ बजेसम्म, त्यसपछि मृगशिरा रहनेछ ।
विष्कुंभादी योग : शूल पूर्वान्ह ९:५४ बजेसम्म, त्यसपछि गण्ड रहनेछ ।
आनन्दादी योग : मातंग ।
करण : भद्रा बिहान ७:३६ बजेसम्म, त्यसपछि चतुष्पाद रहनेछ ।
श्रीसूर्य : मिथुन राशिमा, चन्द्रमा : वृष राशिमा रात्रि १२:०६ बजेसम्म रहनेछ ।
सूर्योदय : ५:११ बजे, सूर्यास्त : बेलुका ७:०१ बजे हुनेछ ।
(आज : भद्रा बिहान ७:३६ बजेसम्म, निशी बार्ने)
(भोलि : दर्शश्राद्ध, हलो बार्ने, भुमिपूजा)

## राशिफल

**मेष** – बोलीकै भरमा काम-कार्य बन्ने समय रहेको छ। धार्मिक कार्यमा रुचि बढ्नेछ । अचल वस्तुमा गरेको लगानीबाट दीर्घकालीन रुपमा लाभ मिल्नेछ। ठूला व्यक्तिको सल्लाहमा कार्यलाई अघि बढाउनु होला ।

**वृष** – ठूला व्यक्तिसँग मित्रता गाँसिनेछ । आत्मीय व्यक्तिसँगको रमाइलो भेट हुनेछ। काम गर्ने कलाको प्रशंसा मिल्नेछ। हितैषी व्यक्तिसँग सहकार्य गर्ने मौका मिल्नेछ । महत्वपूर्ण कार्यको जिम्मेवारी पाइनेछ ।

**मिथुन** – गलत व्यक्तिको परिबन्दमा परिन सक्छ, अरुको लहैलहैमा नलाग्नु होला। ठूलो लगानी एवं टाढाको यात्रा शुभ देखिन्न। व्यर्थको झन्झट मात्र व्यहोर्नु पर्नेछ। अनावश्यक कार्यमा चासो रहनेछ ।

**कर्कट** – थोरै मिहिनेतले नै लक्ष्यमा पुग्न सकिनेछ। आय स्थानमा स्थित चन्द्रमा ग्रहका प्रभावले आकस्मिक धनलाभ एवं मानसम्मान मिल्नेछ । खुसियाली छाउनेछ । कार्यप्रतिको लगनशीलता र क्रियाशीलता बढ्नेछ ।

**सिंह** – स्वास्थ्यमा सुधार हुनेछ भने नयाँ सम्झौतासमेत गरिनेछ । गरेका कार्य प्रभावशाली बन्नेछन् भने समर्थकहरु पनि बढ्नेछन् । अध्ययन अध्यानपन क्षेत्रमा विशेष चासो रहनेछ । सकारात्मक चिन्तन रहनेछ ।

**कन्या** – मिश्रित फलदायी समय रहेको छ । पढाइमा अघिल्ला दिनमा भन्दा केही प्रगति हुनेछ। अवसर हुँदाहुँदै पनि ढिलासुस्तिका कारण मौका फुत्कनेछ। मान्यजनसँग विवाद पर्नेछ। धार्मिक कार्यमा भने आस्था जाग्नेछ ।

**तुला** – नियम आचरणमा रहन गाह्रो पर्नेछ । अपरिचित व्यक्तिलाई गोपनियता बताउँदा बन्नै आँटेका कार्यमा समेत बाधा अड्चन आउनेछन् । स्वास्थ्य कमजोर बन्नेछ । नयाँ सम्झौता एवं टाढाको यात्रा समेत नगर्नु होला ।

**वृश्चिक** – सामान्य प्रयासबाट नै कार्य बन्दा हौसला थपिनेछ। दाम्पत्य सहयोगले कार्य बन्नेछन् । पारिवारिक समस्या हल भएर जानेछ। उमंग छाउनेछ। आत्मीयजनसँगको रमाइलो जमघट एवं यात्रा होला ।

**धनु** – मन, वचन र कर्मको तालमेल मिल्नेछ । परिश्रमको सही प्रतिफल पाइनेछ। मिहिनेती प्रवृत्तिको विकास हुनेछ। शत्रुहरु कमजोर बन्नेछन्। केही कठिनाइ भोग्नुपरे तापनि मिहिनेतको भने कदर हुनेछ ।

**मकर** – सहज वातावरण बन्दा बन्दै पनि मनभित्र डर त्रासले छाड्ने छैन। पूर्व तयारी र योजना बनाएर कार्यमा निस्नु उचित हुनेछ। शारीरिक आलस्यता र पारिवारिक असमझदारीताले दैनिक कार्यमा समेत समस्या आउनेछ ।

**कुम्भ** – सहज तवरले बन्दै आएका कार्यमा समेत बाधा व्यवधान आउनेछ। मानसिक चिन्ताले छाड्ने छैन। नयाँ कामको थालनी गर्दा अन्योलता रहनेछ । आर्थिक अभाव हुनेछ । मातृपक्षको सल्लाहमा कार्य गर्नुहोला ।

**मीन** – सहयोगीहरुको साथले गर्दा समस्याको समाधान हुनेछ भने नयाँ कार्यको आरम्भ गरिनेछ । सांगीतिक क्षेत्रमा मन रमाउनेछ । खुसीको खबर सुन्न पाइनेछ । सहोदरका व्यक्तिसँग नयाँ ठाउँ घुमफिर गर्ने अवसर मिल्नेछ ।